आज मिति २०८१ असोज १५ गतेका दिन बेसीशहर नगर पालिका नगर कार्यपालिकाका नगरप्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा बसेको कार्यपालिकाको ४८ (अठ्चालीसौं) औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

## उपस्थिति

| | |
|---|---|
| नगर प्रमुख | श्री गुमानसिंह अर्याल |
| नगर उपप्रमुख | श्री पद्मा गुरुङ |
| प्रमुख प्रशासकीय अधिकृत | श्री चेतनाथ अर्याल |
| कार्यपालिका सदस्य वडा नं. १, | श्री दुर्गा बहादुर बुढाथोकी |
| " " " २, | श्री मदन बहादुर राना |
| " " " ३, | श्री चित्र बहादुर दर्नाई |
| " " " ४, | श्री गम बहादुर गुरुङ |
| " " " ५, | श्री इन्द्र बहादुर गुरुङ |
| " " " ६, | श्री प्रकाश थापा |
| " " " ७, | श्री ऋषिराम बस्नेत |
| " " " ८, | श्री पवित्रा थापा राना |
| " " " ९, | श्री खुसिजंग गुरुङ |
| " " " १०, | श्री गंगा बहादुर थापा |
| " " " ११, | श्री शिव प्रसाद जोशी |
| " " | श्री हिरालाल विश्वकर्मा |
| " " | श्री श्रीनाथ दुलाल |
| " " | श्री कल्पना थापा बोहरा |
| " " | श्री विमला न्यौपाने अधिकारी |
| " " | श्री सुकमाया घर्ती |
| " " | श्री सुकमाया गुरुङ |
| " " | श्री मनिता परियार |
| " " | |

## सहजकर्ता कर्मचारीको उपस्थिति

| | |
|---|---|
| अधिकृत | श्री शम्भु प्रसाद घिमिरे |
| कार्यक्रम अधिकृत | श्री मेघेन्द्र पोखरेल |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०६/१५ गतेको बैठक

## बेसीशहर नगर कार्यपालिकाको कार्यालय
## लमजुङ, गण्डकी प्रदेश, नेपाल

### नगर कार्यपालिकाको मिति २०८१/०६/१५ गतेको बैठकका प्रस्तावहरु

१. अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. फोहरमैला व्यवस्थापनको ठेक्का सम्बन्धमा ।
३. फोहरमैलाको दीर्घकालिन व्यवस्थापनको सम्बन्धमा ।
४. बसपार्कको निर्माणको लागि जग्गा व्यवस्थापन सम्बन्धमा ।
५. भू उपयोग क्षेत्र बर्गिकरण सम्बन्धमा ।
६. ढुंगा, गिटी बालुवाको स्थलगत अनुगमन गरी प्रतिवेदन तयार गर्ने सम्बन्धमा ।(पहुँचमार्ग, स्टक प्रमाणित, नयाँ परिमाण र वातावरणीय अवस्था)
७. नीजि जग्गाबाट निस्केका ढुंगा बिक्री तथा अनुमति सम्बन्धमा ।
८. चण्डिस्थान स्वास्थ्य चौकी निर्माण सम्बन्धमा ।
९. वडास्तरीय आयोजना/कार्यक्रम ब्रेकडाउन संशोधन सम्बन्धमा ।
१०. बजार अनुगमन सम्बन्धमा ।
११. सहजी खेलमैदानको जग्गा खरिद सम्बन्धमा ।
१२. कोलेनिका सभाहल मर्मत सम्बन्धमा ।
१३. राजश्व वक्यौता असुलीको लागि ताकेता गर्ने सम्बन्धमा ।
१४. निर्माण व्यवसायी इजाजत पत्र प्रदान सम्बन्धमा ।
१५. सिभिल प्राविधिकहरुको फिल्ड भत्ता पुनरावलोकन सम्बन्धमा
१६. विविध
   - चाडबाड सहयोग सम्बन्धमा ।
     - ✓ कारागारका कैदीबन्दीहरुलाई
     - ✓ जिल्ला प्रहरी कार्यालयलाई
     - ✓ चेपाङ समुदायलाई, बेनपा-११
   - क्षयरोग संयोजकको तलब भत्ता सम्बन्धमा ।
   - शुभकामना व्यक्त गर्ने सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं.१: अघिल्लो बैठकका निर्णयहरुको समिक्षा सम्वन्धमा ।**
मिति २०८१/०५/२७ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका विषयमा यस बैठकमा समिक्षा गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०६/१५ गतेको बैठक

निर्णय नं.२: फोहरमैला व्यवस्थापनको ठेक्का सम्बन्धमा ।

बेसीशहर बजारक्षेत्रका व्यक्ति, संस्था वा निकायहरुवाट उत्पादन हुने फोहरमैला संकलन र विसर्जन कार्यको लागि मिति २०८१/४/३१ मा इच्छुक नीजि क्षेत्र, कम्पनी, निकाय वा संस्थावाट माग गरिएको सिलबन्दी दररेट प्रस्तावको सूचना अनुसार दर्ता भएका प्रस्तावहरु उपर मूल्याङ्कन समितिबाट अध्ययन गरी सो समितिले गरेको सिफारिस समेतका आधारमा छलफल हुँदा कार्यालयबाट प्रकाशित सूचनामा तोके अनुसारका बुँदागत विवरण अनुरुप उल्लेख गरी कुनै पनि प्रस्तावहरु पर्न आएको नदेखिएको हुँदा हाल सम्म गरिएका सवै प्रक्रिया र प्रस्तावहरु रद्द गरी फोहरमैला व्यवस्थापन ऐन, २०६८ र सार्वजनिक खरिद ऐन २०६३ एवम् नियमावली,२०६४ समेतका आधारमा इच्छुक नीजि क्षेत्र, कम्पनी, निकाय वा संस्थाबाट प्राविधिक र आर्थिक प्रस्ताव सहितको बोलपत्र/शिलवन्दी दरभाउपत्र माग गर्ने सम्बन्धी सूचना प्रकाशन गरी नगरपालिकाले फोहरमैलाको वैज्ञानिक व्यवस्थापन सम्बन्धी विशेष निर्णय गरेको हकमा सोही वमोजिम हुने गरी हाललाई देहायका शर्त अनुसार सेवा प्रदायक संस्था छनौट कार्य अघि बढाउने साथै उक्त प्रक्रिया सम्पन्न नभइञ्जेलसम्मको लागि फोहरमैला व्यवस्थापन गर्न साविककै सेवा प्रदायक संस्थाको म्याद २०८१ पुस मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

देहाय:

(क) नीजि क्षेत्र वा निकायको आर्थिक र प्राविधिक क्षमता (पुँजी, प्रविधि, उपकरण, जनशक्ति र साधन)

(ख) नगरपालिकालाई बार्षिक रुपमा बुझाउन कवुल गरेको रकम (न्यूनतम बार्षिक रु. २ लाखका दरले ३ वर्षको रु. ९ लाखमा बढाबढ हुने गरी )

(ग) फोहरमैला व्यवस्थापनमा अपनाउन प्रस्ताव गरिएको प्रविधिको दिगोपना तथा वातावरणीय प्रभाव न्यूनीकरण

(घ) फोहरमैला व्यवस्थापनसंग सम्बन्धित अनुभव, दक्षता तथा कार्यसम्दानको तरिका(मेथोडोलोजी)

(ङ) फोहरमैला व्यवस्थापन वापतको सेवा शुल्क नगरपालिकाले तोकेको दररेट भन्दा बढी नलिने गरी उठाउने प्रतिवद्धता ।

(च) फोहरमैला पृथकीकरण, प्रशोधन तथा पुनः प्रयोग सम्बन्धी नविनतम् प्रस्ताव ।

(छ) सेवा प्रदायक संस्थाको कार्यावधि बढीमा ३ बर्षको हुने ।

निर्णय नं.३: फोहरमैलाको दीर्घकालिन व्यवस्थापनको सम्बन्धमा ।

बेसीशहर नगरक्षेत्रबाट निस्कने फोहरमैलाको दीर्घकालिन व्यवस्थापनको लागि फोहरमैला व्यवस्थापन स्थल (सेनेटरी ल्याण्डफिल्ड साइट) को खोजी र छनौट, फोहरमैला संकलन, प्रशोधन र अन्तिम विसर्जनका लागि उपयुक्त प्रविधि खरिद, पूर्वाधार/संरचना निर्माण तथा सञ्चालन, अन्यत्रको अभ्यास र चालु आव २०८१/८२ को बजेटबाट गर्न सकिने कार्यको सम्बन्धमा खोज/अध्ययन गरी प्रतिवेदन पेश गर्नको लागि देहाय अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

देहाय:

संयोजकः श्री मदन बहादुर राना, वडाध्यक्ष, बेनपा-२

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०८/१५ गतेको बैठक

सदस्यः श्री प्रकाश थापा, वडाध्यक्ष, बेनपा-६

सदस्यः श्री चित्र बहादुर दनाईँ, वडाध्यक्ष, बेनपा-३

सदस्यः श्री विमला अधिकारी न्यौपाने, कार्यपालिका सदस्य

सदस्य सचिवः पूर्वाधार शाखा प्रमुख वा प्र.प्र.अ. ले तोकेको सो शाखाको प्राविधिक

निर्णय नं.४ः बसपार्कको निर्माणको लागि जग्गा व्यवस्थापन सम्बन्धमा ।

बेसीशहरमा बसपार्क निर्माणको लागि हालको सहजी क्षेत्र (बेनपा-७) पर्याप्त हुने हुने/नहुने, दनाईँफाँट (बेनपा-८) बसपार्कको कानूनी स्वामित्व र बसपार्कको लागि उपयोग गर्न सकिने/नसकिने अवस्था र अन्यत्र समेत जग्गाको खोजी गरी उपयुक्त रायसुझाव दिन देहाय वमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

देहायः

संयोजकः श्री शिव प्रसाद जोशी वडाध्यक्ष बेनपा-

सदस्यः श्री पवित्रा थापा राना, वडाध्यक्ष, बेनपा-८

सदस्यः श्री ऋषिराम बस्नेत, वडाध्यक्ष, बेनपा-७

सदस्यः श्री चित्र बहादुर दनाईँ, वडाध्यक्ष, बेनपा-३

सदस्य सचिवः श्री सुशिला श्रेष्ठ, राजश्व शाखा प्रमुख

निर्णय नं.५ः भू उपयोग क्षेत्र बर्गिकरण सम्बन्धमा ।

(क)नेपाल सरकारको भू उपयोग सम्बन्धी ऐन २०७६ र भू उपयोग नियमावली २०७९ मा व्यवस्था भए वमोजिम बेसीशहर नगरपालिका क्षेत्र भित्रको भूमिलाई तोकिए वमोजिमको क्षेत्रमा वर्गिकरण गर्ने कार्यको लागि परामर्श सेवा लिने निर्णय वमोजिम प्रस्ताव माग गरी पेश भएका प्रस्तावहरुमध्ये प्रक्रिया वमोजिम मूल्याङ्कन समितिले स्वीकृत गरेका प्राविधिक प्रस्तावमध्येको आर्थिक प्रस्ताव छनौट भई छनौट गरेको सेवा प्रदायक संस्थासंग नियमानुसार संझौता गरी कार्य अघि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

(ख) वडाको सिफारिश समेतका आधारमा वडा नं ८ भित्रको सवै भूमिलाई गैह्र कृषि क्षेत्रमा बर्गिकरण गर्ने ।

निर्णय नं.६ः ढुंगा, गिटी बालुवाको स्थलगत अनुगमन गरी प्रतिवेदन तयार गर्ने सम्बन्धमा ।(पहुँचमार्ग, स्टक प्रमाणित, नयाँ परिमाण र वातावरणीय अवस्था)

प्रारम्भिक वातावरणीय परीक्षण (आइईई) प्रतिवेदन समेतका आधारमा चालु आ.व. २०८१/८२ को नदिजन्य पदार्थ उत्खनन्, संकलन र विक्री वितरणको लागि ठेक्का आह्वान गरिएका घाटहरुमध्ये ठेक्का नलागेका तथा ठेक्का सम्झौता हुन नसकेका घाटहरुको स्थलगत अनुगमन गरी घाटसम्मको पहुँचमार्गको अवस्था, घाट वरपर राखिएका पुरानो स्टक मालबस्तुको परिमाणको एकिन गर्न, आइईई प्रतिवेदनले तोकेको परिमाण अनुसार नयाँ मालबस्तु संकलन गर्न सकिने अवस्था रहे नरहेको तथा वरपर नदि कटान, पहिरो र अन्य वातावरणीय अवस्थाको बारेमा प्रतिवेदन तयार गरी ३० दिन भित्र पेश गर्ने

गुमान सिंह अर्याल
नगर प्रमुख

कार्यको लागि यस सम्बन्धमा यस अघि नै गठन गरिएको अनुगमन समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं.७: नीजि जग्गाबाट निस्केका ढुंगा बिक्री तथा अनुमति सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको निजी जग्गाबाट प्राकृतिक श्रोत साधनको संकलन, उत्खनन् तथा ओसारपसारको लागि इजाजत प्रदान गर्ने कार्यविधि, २०७७ को अधिनमा रही व्यक्तिको निजी जग्गाबाट निस्कने निर्माण सामाग्री (ढुंगा तथा ग्राभेल) संकलन तथा विक्रीको लागि तपसिल बमोजिमका स्थानहरुबाट तपसिल बमोजिमका ब्यक्तिहरुको निवेदन पर्न आएकाले प्राविधिक इष्टिमेट गरी आउने परिमाणको लाग्ने राजश्व जम्मा गर्न लगाई विक्रीको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

| क. | ब्यक्ति वा संस्था | वडा नं. | स्थान | घन फिट | दर | हुन आउने रकम | १३% भ्याट | १.५% आयकर | धरौटी | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अम्बरजंग गुरुङ | १० | खासुर अक्कर | ९६३१ | ९ | ८६६८३ | ११२६९ | १३०० | ८६६८ | १०७९२० |
| २ | सिता खड्का | २ | भकुण्डे | २११८८ | ९ | १९०६९६ | २४७९१ | २८६० | १९०७० | २३७४१७ |

**निर्णय नं.८: चण्डिस्थान स्वास्थ्य चौकी निर्माण सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिका वडा नं ६ स्थित चण्डीस्थान (सारिङ) स्वास्थ्य चौकी भवन निर्माण आयोजनाको निर्माण कार्यको लागि नगरपालिकाबाट प्रक्रिया वमोजिम टेण्डर आह्वान गरी छनौट भएको संस्था कोजु/देसेमरुजे.भी.,दुधपाटी-१ भक्तपुर र यस बेसीशहर नगरपालिका विच मिति २०७८/११/२६ मा भएको सम्झौताको म्याद २०८०/०२/१० मा समाप्त भएको, कारणवश समयमा काम सम्पन्न हुन नसकेकोले निजले २०८०/०२/१० र २०८१/०२/०१ मा म्याद थपको लागि निवेदन पेश गरेकोमा, निजले सम्झौताका बखत पेश गरेको कार्यसम्पादन जमानत र पेश्की जमानतको म्याद समेत थप गरी नयाँ कार्यान्वयन कार्यतालिका पेश गरी सो वमोजिम कार्यसम्पन्न गर्न मञ्जुर समेत भएको व्यहोरासाथ प्रतिबद्धता व्यक्त गरेकोले यस ठेक्का सम्झौताको म्याद हाल २०८१ पुस १५ गतेसम्म थप गरी निर्माण व्यवसायीलाई काममा लगाउने निर्णय गरियो ।

**निर्णय नं.९: वडास्तरीय आयोजना/कार्यक्रम ब्रेकडाउन संशोधन सम्बन्धमा ।**

चालु आ.व. २०८१/८२ का लागि स्वीकृत भएका देहाय वमोजिमका वडास्तरीय आयोजना तथा कार्यक्रमलाई देहाय वमोजिम संशोधन/ब्रेकडाउन गर्ने निर्णय गरियो ।

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| १.फुटकर तथा विविध कार्यक्रम खर्च, बेनपा-१ | ४ लाख ७९ हजार ९५५ | १.१पाण्डेगाउँदेखि छापाटोल जाने बाटो मर्मत,<br>१.२ वरपानीदेखि फुर्के चौतारो जाने | १३५००<br>१३५०० |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेसीशहर, लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०६/१५ गतेको बैठक

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| | | बाटो मर्मत,<br>१.३ दुलाल चोक जाने बाटो मर्मत<br>१.४ खुल्ला तिज गीत प्रतियोगिता<br>१.५श्याम बहादुर परियारको घरदेखि पम्फा परियारको घरसम्म जाने गोरेटो बाटो मर्मत<br>१.६बहादुरेबाट बडहरेसम्म जाने गोरेटो बाटो मर्मत<br>१.७ लाखेजात्रा/रोपाइँजात्रा संरक्षण तथा प्रवर्द्धन<br>१.८ पोलको खाल्डो खनि पुर्ने र लाइन तार्ने काम<br>१.९ प्रेम बहादुर खड्काको घर नजिकको गोरेटो बाटो मर्मत<br>१.१० नयाँ गाउँ परिसरमा रोटे पिङ हाल्ने कार्यक्रम<br>१.११ अनुगमन तथा नयाँ योजना इष्टिमेट गर्नका लागि गाडी प्रयोग (सवै बेनपा-१) | १००००<br>२००००<br>१००००<br>१००००<br>१००००<br>५०००<br>१००००<br>२००००<br>१७००० |
| २.विविध फुटकर कार्यक्रम, बेनपा-२ | २ लाख ३० हजार ९१२ | २.प्रहरी विट दशैं खर्च, बेनपा- २ | १०००० |
| ३.विविध कार्यक्रम खर्च, बेनपा-५ | ५ लाख ५७ हजार | ३.१गोमा विक राहत सहयोग<br>३.२ उपचार सहयोग, अरिङ्गालको टोकाईमा परेका बालबालिका<br>३.३ चिनमाया गुरुङ राहत सहयोग<br>३.४ अस्थायी प्रहरी पोष्ट गाउँशहर सुधार<br>३.५ वडा कार्यालय पदाधिकारी तथा कर्मचारी झोला/छाता खरिद (सवै बेनपा-५) | ६०००<br>५०००<br>६०००<br>११०००<br>२०००० |
| ४. वडा खेलकुँद कार्यक्रम, बेनपा-६ | २ लाख | ४.१ वडा खेलकुँद मैदान सम्म्याउने कार्य, बेनपा-६<br>४.२ वडा फुटबल कार्यक्रम सञ्चालन, | १ लाख<br>३० हजार |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०६/१५ गतेको बैठक

| साविक योजना/कार्यक्रम | बजेट रु. | संशोधित योजना/कार्यक्रम | बजेट रु. |
|---|---|---|---|
| | | बेनपा-६ | |
| ५.चनौटे काफलस्वाँरा मोटरबाटो निर्माण, बेनपा-६ | २ लाख | ५.पुमाखोला चनौटे भिर रेलिङ गोरटोबाटो निर्माण, बेनपा-६ | १ लाख |
| ६.विविध खेलकुँद कार्यक्रम (भेट्रान्स कप) बेनपा-७ | ३ लाख | ६.वडास्तरीय भलिबल प्रतियोगिता कार्यक्रम, बेनपा-७ | ३ लाख |
| ७.वडा फुटकर कार्यक्रम, बेनपा-१० | ७ लाख ५० हजार २६ | ७.१ वडा कार्यालय किचन व्यवस्थापन तथा अति आवश्यक सामाग्री खरिद, बेनपा-१० (वडाले गर्ने गरी)<br>७.२ भोटेफाँट तामाङबस्ती गोरेटोबाटो निर्माण योजना, बेनपा-१० | ५० हजार<br>१ लाख ५० हजार |
| ८.विविध, बेनपा-११ | ३ लाख ५८ हजार | ८.१.नेवारको रोपाइँजात्रा, बेनपा-११<br>८.२ रामचोक आमा समुह, बेनपा-११<br>८.३ कार्कीडाँडा आमा समुह, बेनपा-११ | २००००<br>१५०००<br>५००० |
| ९.फोहरमैला व्यवस्थापन, बेनपा-११ | ६५ हजार | ९.१ फोहरमैला व्यवस्थापक शंकर बहादुर सार्की पारिश्रमिक ३ महिना | १५००० |
| १०.साठीको पुछार जनजागृति जाने गोरेटोबाटो, बेनपा-११ | १ लाख ५० हजार | १०.साठीको पुछारदेखि जनजागृति जाने गोरेटोबाटो, बेनपा-११ | १ लाख ५० हजार |

**निर्णय नं.१०: बजार अनुगमन सम्बन्धमा ।**

गुणस्तरीय बस्तु र सेवा प्राप्त गर्ने नगरबासीको हकलाई सुरक्षित राख्न, उपभोग्य बस्तु वा सेवाको गुणस्तर, परिमाण र मूल्यको अनियमितताबाट उपभोक्ता वर्गलाई संरक्षण गर्न बेसीशहर नगरपालिकाको स्थानीय बजार व्यवस्थापन ऐन २०७९ र बजार अनुगमन निर्देशिका २०७४ समेतका आधारमा अन्य निकायहरुबाट भएको अनुगमनमा सहकार्य एवम् सहयोग गर्ने तथा नगरपालिकाको तर्फबाट सदा झैं दोहोरोपनालाई व्यवस्थित गरी नियमित रुपमा बजार अनुगमन गर्ने निर्णय गरियो ।

**निर्णय नं.११: सहजी खेलमैदानको जग्गा खरिद सम्बन्धमा ।**

बेसीशहर नगरपालिका ७ मा अवस्थित सहजी खेलमैदानलाई विस्तार गरी पूर्वाधार निर्माण गर्न जिल्ला खेलकुँद विकास समितिको लागि जग्गा खरिद गर्नुपर्ने आवश्यकता महशुश गरी चालु आ.व. २०८१/८२ मा आन्तरिक आय शिर्षकबाट रु. २७ लाख विनियोजन गरिएको सन्दर्भमा खेलमैदानको लागि आवश्यक जग्गा बिक्री गर्न इच्छुक जग्गाको जग्गाधनी, जग्गाको नापी नक्शा एवम् जग्गाधनी

गुमान सिंह अर्याल
नगर प्रमुख

पूर्जा लगायतका विवरण र मूल्य निर्धारण सम्बन्धी निर्णय संलग्न राखी नगरपालिकामा पेशं गर्न गराउन र जग्गाधनी स्वयंलाई उपस्थित गराउने कार्यमा आवश्यक सहजीकरण गर्न सम्बन्धित पक्षलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.१२: कोलेनिका सभाहल मर्मत सम्बन्धमा ।

कोष तथा लेखा नियन्त्रक कार्यालय बेसीशहर लमजुङको च. नं ९२ मिति २०८१/०६/०९ को पत्रानुसार सो कार्यालय भवनको पहिलो तलामा रहेको सभाहललाई व्यवस्थित बनाउन सामान्य मर्मत गर्नुपर्ने र सो को लागि उक्त कार्यालयमा बजेट विनियोजन गर्न सकिने अवस्था नरहेको व्यहोरा अनुरोध भै आएको हुँदा पत्रसाथ संलग्न लागत इष्टिमेटको आधारमा उक्त कार्यको लागि रु. १ लाख आवास, बस्ती तथा शहरी विकास सम्बन्धी फुटकर कार्यक्रम शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.१३: राजश्व वक्यौता असुलीको लागि ताकेता गर्ने सम्बन्धमा ।

विगत वर्षहरुमा नदिजन्य पदार्थको उत्खनन्, संकलन र बिक्रीको लागि नगरपालिकासंग संझौता गरी अनुमति लिई कार्य गरेका व्यक्ति तथा फर्महरुले नगरपालिकामा बुझाउनु पर्ने राजश्व नबुझाएको कारण महालेखा परिक्षकको लेखा परीक्षणको क्रममा समेत उक्त रकम असुल उपर गर्नुपर्ने भनि व्यहोरा औंल्याइएको हुँदा बक्यौता राजश्व असुलीको लागि कार्यालयबाट सम्बन्धित पक्षहरुलाई पत्रमार्फत पुनः ताकेता गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.१४: निर्माण व्यवसायी इजाजत पत्र प्रदान सम्बन्धमा ।

बेसीशहर नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७५ वमोजिम घ वर्गको निर्माण व्यवसायी इजाजत पत्रको लागि नगरपालिकाको कार्यालयमा परेको दरखास्त र त्यसमा संलग्न कागजातहरुको जाँचबुझबाट देहायको निर्माण व्यवसायी फर्म/कम्पनीको योग्यता पुगेको देखिएको हुँदा उक्त फर्म/कम्पनीलाई घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

देहायः

जि.के.निर्माण सेवा सेवा, बेसीशहर-२ लमजुङ। सञ्चालकः सिता खड्का, मोवाइल नं ९८४६६५७७७४

निर्णय नं.१५: सिभिल प्राविधिकहरुको फिल्ड भत्ता पुनरावलोकन सम्बन्धमा ।

बेसीशहर नगरपालिकामा कार्यरत सिभिल प्राविधिकहरुलाई आफ्नो नियमित काममा फिल्डमा जाँदा दैनिक भ्रमण भत्ताको सट्टा मासिक रुपमा फिल्ड भत्ता उपलब्ध गराउँदै आइएकोमा सो भत्ता तुलनात्मक रुपमा न्यून नै रहेको र लामो समयदेखि सो भत्ता पुनरावलोकन नभएकोमा प्राविधिकहरुबाट पुनरावलोकनको लागि माग गरिएको समेतका आधारमा छलफल हुँदा २०८१ साउनबाट लागु हुने गरी लामो विदा बस्दा र जिल्ला बाहिर काजमा जाँदाको अवधीको कट्टा हुने गरी मासिक फिल्ड भत्तादर देहाय वमोजिम कायम गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

देहाय

| क्र.सं | विवरण | साविक भत्ता दर | कायम हुने भत्ता दर | कैफियत |
|---|---|---|---|---|
| १ | इन्जिनियर सातौं | ८००० | ११००० | |
| २ | इन्जिनियर छैठौं | ७००० | १०००० | |
| ३ | सब इन्जिनियर पाचौं | ७००० | ९००० | |
| ४ | एसिस्टेन्ट सब इन्जिनियर चौथो | ६००० | ८००० | |

**निर्णय नं.१६: चाडबाड सहयोग सम्बन्धमा ।**

२०८१ सालका दशैं लगायतका राष्ट्रिय चाडपर्वको अवसरमा देहायका निकाय तथा समुदायलाई चाडपर्व मान्नको लागि देहाय अनुसार सहयोग गर्ने निर्णय गरियो ।

(क) जिल्ला कारागार कार्यालय लमजुङमा रहेका कैदीबन्दीहरुलाई चालु तर्फको शिर्षकबाट रु. ४० हजार बराबरको खसी/चामल उपलब्ध गराउने निर्णय गरियो ।

(ख) जिल्ला प्रहरी कार्यालय लमजुङलाई अन्य संस्था सहायता शिर्षकबाट रु. २० हजार उपलब्ध गराउने ।

(ग) बेनपा ११ मा रहेका चेपाङ समुदायको १२ घरपरिवारहरुलाई खाद्य सामाग्री खरिदको लागि रु.४८ हजार सामाजिक सहायता शिर्षकबाट उपलब्ध गराउने र सो कार्य सम्बन्धित वडाबाट सम्पन्न गर्ने ।

**निर्णय नं.१७: क्षयरोग संयोजकको तलब भत्ता सम्बन्धमा ।**

बेसीशहर नगर कार्यपालिकाको कार्यालयमा कार्यरत क्षयरोग संयोजक श्री शिवेन्द्र अधिकारीको तलबभत्ताको लागि साविकको शिर्षकमा बजेट उपलब्ध भैनसकेको हुँदा चाडबाडको समयमा नीजलाई स्वास्थ्यतर्फको सशर्त अनुदानको तलबभत्ता शिर्षकबाट शोधभर्ना हुने गरी पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१८: शुभकामना व्यक्त गर्ने सम्बन्धमा ।**

नजिकिंदै गरेका नेपालीहरुको महान् राष्ट्रिय चाडपर्वहरु विजया दशमी, दीपावली र छठ पर्व २०८१ को पावन अवसरमा देश भित्र र बाहिर रहेका नगरबासी तथा आम नेपाली समुदाय सबैमा सुखशान्ति, समृद्धि र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख